# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, असार ३ गते २०५० साल ( अतिरिक्ताङ्क १७ (क)


## भाग ३

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६७ बमोजिम बनाइबक्सिएको "संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०५०" सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

### संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०५०

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६७ बमोजिम श्री ५ महाराजाधिराजबाट देहायबमोजिमको नियमावली बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०५०" रहेको छ ।

(२) यो नियमावली २०४९ साल फागुन १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

229

२. संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी नियमावली, २०४८ को नियम ४ मा संशोधनः– संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी नियमावली, २०४८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४ को उपनियम (५) पछि देहायको उपनियम (६) र (७) थपिएका छन् :–

"(६) सवारी सुविधा उपलब्ध नगराइएका सदस्यहरूलाई संसदको कुनै सदनको वा कुनै समितिको वा दुवै सदनको संयुक्त बैठकमा भाग लिएको प्रत्येक दिनको निमित्त सवारी सुविधा वापत पचास रुपैंया दिइनेछ ।

(७) पत्रपत्रिका खरिद गर्न सदस्यलाई प्रत्येक आर्थिक वर्षको प्रारम्भमा वार्षिक एक हजार रुपैयाँ एक मुष्ट उपलब्ध गराइनेछ ।"

३. मूल नियमावलीको नियम ८ मा संशोधनः– मूल नियमावलीको नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छः–

"८. आवास सुविधाः– (१) पदाधिकारी र सदस्यलाई आवासको निमित्त श्री ५ को सरकारको तर्फबाट सरकारी घर बन्दोबस्त गरिनेछ । त्यस्तो घरको बन्दोवस्त नभएसम्म काठमाडौं उपत्यकामा स्थायी वासस्थान नभएका पदाधिकारी वा सदस्यलाई अनुसूची–१ मा उल्लेख गरिए बमोजिमको मासिक रकम आवास सुविधा वापत दिइनेछ ।

(२) उपनियम (१) बमोजिम श्री ५ को सरकारको तर्फबाट बन्दोवस्त भएको आवासको मरमत र संभार श्री ५ को सरकारले गर्नेछ ।

(३) सरकारी आवास बन्दोवस्त हुन नसकेकोमा वा स्वेच्छाले आफ्नो आवास प्रयोग गर्ने पदाधिकारी वा काठमाडौं उपत्यकामा स्थायी वासस्थान भएको सदस्यलाई निजको घरको मर्मत र संभारको लागि अनुसूची–१ मा उल्लेख गरिए बमोजिमको रकम दिइनेछ ।

(४) उपनियम (१) बमोजिम आवास सुविधाको रकम उपलब्ध गराइएका पदाधिकारीलाई निजी सचिवालय र गार्ड घर बन्दोवस्त गर्न अनुसूची–१ मा उल्लेख गरिए बमोजिमको रकम दिइनेछ ।

(५) पदाधिकारी वा सदस्यले यस नियम बमोजिम पाउने सुविधा निजको पदावधि समाप्त भएको मितिले अर्को पन्ध्रदिन सम्मको लागि लिन पाउनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
222

४. मूल नियमावलीको नियम १० मा संशोधनः मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छः–

"१०. बिजुली, धारा र टेलिफोन सुविधाः– (१) पदाधिकारीको आवासमा जडान गरिएको बिजुली तथा धाराको महसुल र एउटा टेलिफोन लाइन जडान गर्न लाग्ने धरौटी तथा अन्य खर्च र नेपाल अधिराज्य भित्र गरिने टेलिफोनको महसुल (जरिवाना बाहेक) श्री ५ को सरकारले व्यहोर्नेछ ।

(२) सदस्यलाई सरकारी घर बन्दोवस्त भएकोमा त्यस्तो घरमा जडान भएको बिजुली र धाराको पूरै महसुल र सो घरमा निजको प्रयोगको लागि एउटा टेलिफोन जडान गर्न लाग्ने धरौटी र अन्य खर्च श्री ५ को सरकारले व्यहोर्नेछ तथा टेलिफोनको मासिक न्यूनतम महसुल रकमको दोब्बर रकम टेलिफोन सुविधा वापत दिइनेछ ।

(३) सरकारी घर बन्दोवस्त हुन नसकेकोमा श्री ५ को सरकारको स्वामित्वमा रहने गरी सदस्यको प्रयोगको लागि निजको आवासमा एउटा टेलिफोन जडान गर्न लाग्ने धरौटी र अन्य खर्च श्री ५ को सरकारले व्यहोर्नेछ तथा बिजुली धारा र टेलिफोन सुविधा वापत मासिक आठसय रुपैयाँ एकमुष्ट उपलब्ध गराइनेछ ।

(४) आवास परिवर्तन गर्नु पर्दा टेलिफोन लाइन सार्न लाग्ने जडान खर्च एक संसदकालमा थप एक पटकको लागि संसद सचिवालयले व्यहोर्नेछ ।

(५) उपनियम (३) बमोजिमको सुविधा काठमाडौंमा आफ्नो घरमा वसोवास गर्ने सदस्यले पनि पाउनेछ ।

(६) यस नियम बमोजिम उपलब्ध गराइएको टेलिफोन निजी स्वामित्वमा परिवर्तन गराउन पाइने छैन ।"

५. मूल नियमावलीको नियम ११ मा संशोधनः मूल नियमावलीको नियम ११ को उपनियम (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) दैनिक भत्ताः– अनुसूची १ मा उल्लेख गरिएको रकम ।"

६. मूल नियमावलीको नियम १२ मा संशोधनः– मूल नियमावलीको नियम १२ मा रहेका "एक महिनाको पारिश्रमिक वरावरको रकम" भन्ने शब्दहरूको सट्टा "अनुसूची–१ मा उल्लेख भएको रकम" भन्ने शब्दहरू राखिएका छन् ।

७. मूल नियमावलीमा नियम १६ क. थप : मूल नियमावलीको नियम १६ पछि देहायको नियम १६ क. थपिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
222

"१६क. पेश्की: (१) पदाधिकारी वा सदस्यले यस नियम बमोजिम पाउने पारिश्रमिक र आवास सुविधा वापतको रकम पेश्कीको रूपमा माग गरेमा सोही आर्थिक वर्ष भित्र फछ्र्यौट गर्ने गरी तीन महीना सम्मको रकम पेश्की पाउन सक्नेछ ।

तर,

(क) कुनै पदाधिकारी वा सदस्यलाई कडा रोग लागी विदेशी अस्पतालमा उपचार गराउनु पर्ने ठहरिएमा वा यस्तै कुनै विशेष परिस्थिति परेको छ भन्ने कुराको औचित्यपूर्ण आधार देखिएमा सभामुख वा अध्यक्षको स्वीकृति लिई संसद सचिवालयले त्यस्तो पदाधिकारी वा सदस्यलाई बढीमा एक वर्षको पारिश्रमिक रकम पेश्की दिन सक्ने छ ।

(ख) बजेट निकासा भएको रकमले नभ्याउने भएमा वा तीन महीना अगावै निजको कार्यकाल व्यतीत हुने देखिएमा अवस्थानुसार पेश्की नदिन वा कम गर्न सकिने छ ।

(२) उपनियम (१) बमोजिम दिएको पेश्की रकम पदाधिकारी वा सदस्यले पाउने मासिक पारिश्रमिक वा आवास सुविधाको रकमबाट प्रत्येक महिना पूरै कट्टा गरिने छ ।

(३) यस नियम बमोजिम पेश्की लिएको पदाधिकारी वा सदस्यको कुनै कारणले संसदको सदस्यता कायम नरहेमा निजसंग बाँकी रहेको रकम प्रचलित कानून बमोजिम असूल उपर गरिनेछ ।

तर, पारिश्रमिक लिने कुनै पदाधिकारी वा सदस्यको पेश्की फछ्र्यौट हुनु अगावै मृत्यु भएमा निजसंग लिन बाँकी रहेको रकम मिनाहा हुनेछ ।"

८. मूल नियमावलीको अनुसूची–१ मा संशोधन: मूल नियमावलीको अनुसूची–१ को सट्टा देहायको अनुसूची–१ राखिएको छ:–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१

(नियम ३,४,८,६,११ र १२ संग सम्बन्धित)

पदाधिकारी तथा सदस्यले पाउने सुविधा

| क्र.सं. | सुविधाको विवरण | इकाई दर | सभामुख | अध्यक्ष | उपसभामुख | उपाध्यक्ष | सदस्य |
|---|---|---|---|---|---|---|---|
| १. | पारिश्रमिक | प्रति महीना रू. | आठ हजार | आठ हजार | छ हजार सातसय | छ हजार सातसय | पाँच हजार छ सय |
| २. | वैठक भत्ता | दैनिक रू. | एक सय | एक सय | एक सय | एक सय | एक सय |
| ३. | आवास सुविधा | प्रति महीना रू. | चार हजार | चार हजार | तीन हजार पाँच सय | तीन हजार पाँच सय | तीन हजार पाँच सय |
| ४. | निजी सचिवालय बन्दोवस्त | प्रति महीना रू. | दुई हजार | दुई हजार | एक हजार सात सय पचास | एक हजार सात सय पचास | – |
| ५. | गार्डवर बन्दोवस्त | प्रति महीना रू. | दुई हजार | दुई हजार | एक हजार सातसय पचास | एकहजार सातसय पचास | – |
| ६. | काठमाडौं उपत्यकामा स्थायी वसोवास भएका सदस्य वा निजी आवास प्रयोग गर्ने पदाधिकारीलाई घर मर्मत संभारको लागि | प्रति महीना रू. | दुईहजार | दुई हजार | एकहजार पाँचसय | एकहजार पाँचसय | एकहजार पाँचसय |
| ७. | पेट्रोल।डिजेल | प्रति महीना लिटर | दुई सय पचास | दुई सय पचास | दुई सय | दुई सय | – |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. मोबिल | त्रैमासिक लिटर | दश | दश | पाँच | पाँच | — |
| ९. दैनिक भत्ता | प्रति दिन रू. | दुई सय | दुई सय | एक सय नब्बे | एक सय नब्बे | एक सय पैंतालीस |
| १०. पैदल भ्रमण भत्ता | प्रति कोष रू. | तीस | तीस | बीस | बीस | बीस |
| ११. लुगा भत्ता | तीन वर्षमा एक पटक रू. | छ हजार | छ हजार | पाँच हजार तीन सय बीस | पाँचहजार तीन सय बीस | चार हजार |

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२२६